


Štúrova 1701/55, 142 00 Praha 4, Czech Republic, tel.: +420 241014300, 241723300, fax: +420 241014301, 241723301, mobil: +420 607221374, info@on-internet.cz

**प्रिय व्यापारका साझेदारहरु,**

हामी तपाईंहरु समक्ष मेट्रिक्स ट्राभल लिमिटेडलाई प्रस्तुत गर्न चाहन्छौं । हामी यौटा ट्राभल एजेन्सी हौं र हाम्रो स्थापना सन् १९९७ मा भएको हो । हाम्रा आगमन र वहिर्गमन शाखाहरुले व्यक्ति र समूह दुवैका साथै विशिष्ट व्यक्तिहरुका लागि पनि पर्यटकीय सेवा उपलब्ध गराउँछन् । । यहाँसँग उपलब्ध समय अनुसार मिल्दो भ्रमणका कार्यक्रमहरु, व्यापारिक भ्रमणहरु, उत्प्रेरणात्मक तथा प्रोत्साहनप्रद कार्यक्रमहरु, कार्यशालाहरु, ठूला ठूला सभा सम्मेलन तथा तालीमहरुको व्वबस्था हामी विशेष दखलका साथ गर्न सक्छौं । हामी तपाईंहरुलाई विश्वका कुनै पनि देशमा जानका लागि विमानका टिकटहरु प्राप्त हुनेसम्म सस्तो दरमा उपलब्ध गराइदिन्छौं । साथै अन्य यातायात र ट्रान्जिट सेवा पनि हामी मिलाउँछौं जसमा कार भाडामा लिने देखि विलासितायुक्त लिमुजिन सम्मको व्यवस्था हुन सक्छ । **आगमन शाखाले** विदेशी ग्राहकहरुलाई चेक गणतन्त्रमा आउँदा आवश्यक सबै आगमन सेवाहरु उपलब्ध गराइदिन्छ । **वहिर्गमन शाखाले** परम्परागत तथा व्यावशायिक भ्रमणका साथै खासगरी आकर्षक एवं टाढा टाढाका मुलुकहरुका लागि पनि प्राप्त अनुरोध अनुरुप भ्रमणको पूर्ण व्यवस्था मिलाइदिन्छ । हाम्रो कम्पनी मेक्सिको र भेनेजुएलाका लागि **गन्तव्य प्रवर्धनका कार्य गर्ने** (सम्बन्धित दूतावास सँगको आपसी सहयोगमा) **संयोजक** पनि हो । साथै चेक गणतन्त्रमा म्यान्माको पर्यटन प्रबद्धन कार्यका साथै आवश्यक सेवा प्रदान गर्ने आधिकारिक एजेण्ट पनि हामी हौं । यहाँहरुले थप जानकारी हाम्रो सर्भर **www.on-internet.cz** मा पाउन सक्नुहुने छ ।

मेट्रिक्स ट्राभलले बास बस्ने व्यवस्था र शहरको भ्रमण तथा यातायात जस्ता अन्य सम्बद्ध सेवाहरुको लागि on-line outgoing reservation system पनि संचालन गरेको छ । तपाईं ३० भन्दा बढी मुलुकका विभिन्न स्तरका १ हजार भन्दा बढी होटेलका लागि सुपथ मूल्यमा अन लाइन बुक गर्न सक्नुहुन्छ । चेक मुद्रा CZK मा मूल्यका साथै प्रत्येक होटेलको फोटो र संक्षिप्त परिचय (चेक भाषामा) पनि दिइएका छन् । हामीले प्रदान गर्ने सेवाहरु निरन्तर परिमार्जित र विस्तारित हुँदै जानेछन् । हाम्रो reservation system मा प्रवेशका लागि कृपया **www.ubytovani.on-internet.cz** मा हेर्नुहुन अनुरोध गर्दछौं ।

यहाँलाई थप जानकारी वा कोटेशन आवश्यक परे कत्ति झिंजो नमानीकन हाम्रो वेब साइट **www.on-internet.cz** हेरिदिनुहुन वा हामीलाई इमेल पठाइदिन पनि हाम्रो अनुरोध छ । यहाँहरुले आग्रह गर्दा यहाँहरुलाई आवश्यक परेका सेवाहरु सुपथ मूल्यमा र सुविधाजनक ढंगले उपलब्ध गराउन हामी सहर्ष तत्पर छौं ।




**चेक गणतन्त्र**

यो पहाड, वनजंगल नदीनाला, पोखरी, तालतलैया तथा बाँधहरुले सम्पन्न मुलुक हो । ऐतिहासिक स्मारकहरु तथा अतीव प्राकृतिक सुन्दरतायुक्त दर्शनीय स्थलहरुले भरिपूर्ण चेक गणतन्त्र पर्यटकहरुका लागि त वास्तवमा स्वर्ग नै हो । आउनुहोस् हामीसँग **युनेस्कोद्वारा संरक्षित शहर प्राग**को भ्रमण गर्नुहोस्, जुन सयौं गुम्बजहरुको शहर, सुनौला शहर तथा शहरहरुकै जननीको रुपमा पनि परिचित छ । प्रागमा ठूलो संख्यामा दर्शनीय स्मारकहरु तथा दृश्यावलीहरु छन् । १४औं शताब्दीमा बोहेमिया र मोराभियाका राजा रोमन सम्राट चार्ल्स चतुर्थको शासनकाल यो शहरका लागि स्वर्ण युगका रुपमा रहयो । त्यतिवेला प्राग युरोपेली महत्वको Gothic महानगरका रुपमा मौलायो र युरोप कै सांस्कृतिक तथा राजनीतिक केन्द्रका रुपमा विकसित भयो ।

**हामी यहाँहलाई शहरका केन्द्रमै रहेका होटेलहरुमा बसोवासका लागि विशेष प्रोत्साहन मूल्यदर उपलब्ध गराउँदै छौं । यो मूल्य प्रति व्यक्ति प्रति रात डवलरुमका लागि हो जसमा विहानको नास्ता र भ्याट लगायत सबै करहरु पनि सम्मिलित छ ।**

| « « | « « « | « « « « | « « « « « |
|---|---|---|---|
| **११,५० € देखि** | **१५,६० € देखि** | **२५,२० € देखि** | **६३,०० € देखि** |
| **हाम्रो विशेष OFFER को लाभ उठाउनुहोस् ४ = ३** | | | |

**आगमनका लागि हाम्रा सेवाहरु:**

- व्यक्ति वा समूहका लागि बसोबासको व्यवस्था
- स्थानान्तरण तथा यातायात
- पथ प्रदर्शन सेवा
- रेष्टुरेण्ट तथा मनोरञ्जन
- वरपर घुमघामका कार्यक्रमहरु
- विदाको दिनका लागि मिल्दो भ्रमण कार्यक्रम
- उपलब्ध समय अनुसार ठ्याक्क मिल्ने भ्रमणका कार्यक्रम
- सक्रिय विदा (गल्फ,पदयात्रा,साइकल यात्रा,स्की, जल खेलहरु)
- साहसिक यात्रा (र्‍याफ्टिङ्ग लगायत सबै खालका साहसिक खेलहरु)
- सांस्कृतिक यात्रा तथा चाडपर्वहरु (चेक लोकसंस्कृति)
- धार्मिक तीर्थयात्रा
- अनुसन्धानात्मक तथा शैक्षिक भ्रमण
- ऐतिहासिक सम्पदा भ्रमण
- विद्यार्थीहरुको शैक्षिक भ्रमण
- विशेष रुचीगत तथा कार्यगत भ्रमण
  (यहुदी संपदास्थल, युनेस्को संरक्षित शहरहरु, वाइन तथा वियर यात्राहरु)
- विशेष रुचीका कार्यक्रमहरु
  (शिकार तथा अ्याङ्गलिङ्ग, पुराना सैनिक अभ्यास, ऐतिहासिक तरवार खेल)
- शहरी भ्रमणहरु
- अध्ययन भ्रमण (बुअरीहरु, काँचका सामग्री, औद्योगिक प्रतिष्ठानहरु)
- नदी यात्राहरु
- अवलोकन तथा बेलुनमा उडान
- नाट्यशाला तथा अन्य सांस्कृतिक संस्थाका टिकटहरु








**सेवाको स्तरयुक्त मूल्याङ्कन र व्यवस्थाको जिम्मेवारी हामीलाई दिनुहोस् - तपाईं हाम्रो न्यूनतम मूल्य देख्दा छक्क पर्नु हुने छ ।**

**हाम्रो कर्मचारी वर्ग यहाँको अनुरोधमा अन्य कुनै पनि व्यापारिक सेवाको व्यवस्था मिलाउन सदा तत्पर छ ।**
**हामी कुनै पनि वेला तपाईंको सुविधा अनुकूल सर्वोत्तम कोटेशन तयार गर्न तयार छौं ।**
**हामी तपाईंलाई प्रागमा स्वागत गर्न उत्सुकताकासाथ प्रतीक्षारत छौं ।**